किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ७ मितिः २०७४/११/२२

**भाग-२**

**किस्पाङ गाउँपालिका**

## पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७४

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७४।११।२२**

किस्पाङ गाउँपालिका क्षेत्र भित्र कार्यक्रम संचालन गर्न आवश्यक भएकाले गाउँकार्यपालिकाको मिति २०७४/११ /२२ को निर्णयानुसार यो कार्यविधि तयार गरिएको छ।

**खण्ड क**

**प्रारम्भिक**

### १. संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यविधिको नाम **"पशु सेवा कार्यक्रम संचालन कार्यविधि, २०७४"** रहेको छ।
ख. यो कार्यविधि किस्पाङ गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
क."पशु सेवा शाखा" भन्नाले किस्पाङ गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्नेछ।
ख. "कार्यालय" भन्नाले किस्पाङ गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ।

ग. “कार्यादल” भन्नाले पशु सेवा शाखा कार्यदल सम्झनु पर्नेछ।

घ. यस कार्यविधिमा उल्लेखित कार्यक्रम छनौट तथा मुल्याङ्कन समितिमा निम्न अनुसारको पदाधिकारीहरु रहनेछन् :

१. गाउँपालिकाको अध्यक्ष : संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत : सदस्य
३. आर्थिक विकास समिति अधिकृत : सदस्य
४. पशु शखा प्रमुख : सदस्य सचिव

## खण्ड ख

## ५० प्रतिशतको ऋस बोयर बोका वितरण कार्यक्रम कार्यविधि

### १. उद्देश्य

क. ग्रामिण स्तरमा प्रजनन सुधार गर्न
ख. मासुमा आत्मनिर्भर बनाउन
ग. कृषकलाई पशु व्यवसायमा उत्प्रेरित गर्न
घ. गरिब किसानको आर्थिक स्थिति सुधार
ङ. उत्पादन र उत्पादकत्व वृद्धि गर्न

### २. कार्यक्रम संचालन विधि

क) सुचना प्रकाशन तथा निवेदन माग
आवश्यक कागजातहरु :

- निवेदन
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- फर्म दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- वडा कार्यालयको सिफारिस

ख) छनौट प्रक्रिया

- छनौट समितिको निर्णयको आधारमा
- छनौट भएका प्रति कृषकलाई एक वटाका दरले वितरण गरिनेछ।
- यो कार्यक्रम ५० प्रतिशत अनुदानमा संचालन गरिनेछ।
- बोका वितरण गर्दा अनुसुची ३ बमोजिमको सर्तहरुमा रही वितरण गरिनेछ।

## खण्ड ग

## १०० प्रतिशतको बोयर बोका वितरण कार्यक्रम कार्यविधि

### १. उदेश्य

क) ग्रामिण स्तरमा प्रजनन् सुधार गर्न

ख) व्याड बोका उत्पादन गरी गाउँपालिकामा विक्री वितरण गर्न
ग) कृषकलाई पशु व्यवसायमा प्रेरित गर्न
घ) गरिब किसानको आर्थिक स्थिति सुधार्
ङ) उत्पादन र उत्पादकत्व बृद्धि गर्न

**कार्यक्रम संचालन विधि**

क) सुचना प्रकाशन तथा निवेदन माग
आवश्यक कागजातहरु :

- निवेदन सहकारीको लेटरप्याडमा
- सहकारीको निर्णय प्रतिलिपि
- प्यान दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
- वडा कार्यालयको सिफारिस

ख) छनौट प्रक्रिया

- छनौट समितिको निर्णयको आधारमा
- छनौट भएका प्रति कृषकलाई एक वटाका दरले वितरण गरिनेछ।
- यो कार्यक्रम ५० प्रतिशत अनुदानमा संचालन गरिनेछ।
- बोका वितरण गर्दा अनुसुची ३ बमोजिमको सर्तहरुमा रही वितरण गरिनेछ।

## खण्ड घ

## बाखाको खोर सुधार कार्यक्रम

**क) उदेश्य :**

- कृषि पेशालाई व्यवसायिक बनाउन।
- पशु स्वास्थ्य कायम गर्न
- मासुमा आत्मनिर्भर कार्यक्रमलाई प्रभावकारी बनाउन
- उचित आहारा व्यवस्थापन गर्न

**ख) कार्यक्रम संचालन विधि :**

- पशुपालक कृषक समुहलाई कृयाशीलताको आधारमा छनौट गरी वितरण गरिनेछ।
- कृषि सहकारीको हकमा स्थलगत निरिक्षण गरी छनौट समितिलाई स्थलगत निरिक्षणको प्रतिवेदनको आधारमा छनौट गरिनेछ।
- पशुपालक व्यवसायिक फार्म दर्ता कृषकको पशु संख्याको आधारमा प्राथमिकता दिईनेछ।
- यो कार्यक्रम ५० प्रतिशत अनुदानमा संचालन गरिनेछ।
- भुक्तानी दिँदा विल भर्पाई र स्थलगत अनुगमनको आधारमा दिईनेछ।
- यो कार्यक्रम कृषकको हकमा व्यवसायिक फार्म दर्तावालालाई मात्र समावेश गरिनेछ।

## खण्ड ङ

## सुत्केरी भत्ता वितरण कार्यक्रम सञ्चालन विधि

**क) उदेश्य :**

- कृषि पेशालाई आकर्षित बनाउन र किसानलाई हौसला प्रदान गर्न ।
- दुध र मासु उत्पादनलाई आत्मनिर्भर बनाउन ।
- ग्रामिण स्तरमा पशु आहारा प्रवर्द्धन तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्न ।
- कृषकलाई व्यवसायिक बनाउन ।

**ख) कार्यक्रम सञ्चालन विधि :**

- यो कार्यक्रममा प्राविधिकले स्थलगत निरिक्षण गरी पाडापाडी/बाच्छाबाच्छीको जन्मदर्ता प्रमाणपत्र प्रतिलिपि, वडा सिफारिस र फोटोको आधारमा भुक्तानी दिईनेछ ।
- सुत्केरी भत्ता विवरणको हकमा पहिलो पटक ब्याएको गाईभैँसीलाई पाँच हजार र दोस्रो पटक ब्याएको गाईभैँसीलाई तीन हजारको दरले भुक्तानी दिईनेछ ।
- यो कार्यक्रम गाईभैँसीमा मात्र लागु हुनेछ ।
- यो कार्यक्रममा कृषकले पशुको विमालाई प्राथमिकता दिनुपर्नेछ ।

## खण्ड-च

## डेरी उद्योग प्रवर्द्धन कार्यक्रम कार्यविधि

**क) उदेश्य**

- कृषकस्तरमा दुध उत्पादन हुने दुधको सहज वितरण गर्न ।
- दुध र दुधजन्य पदार्थको सहज उपलब्ध गर्न ।
- खाद्य पोषण सुरक्षा गर्न ।
- कृषि पेशालाई निर्वाहमुखिबाट व्यवसायिक बनाउन ।
- कृषकको जिवनस्तर सुधार्न ।

**ख) कार्यक्रम सञ्चालन विधि :**

- यो कार्यक्रम ५० प्रतिशत अनुदानमा सञ्चालन गरिनेछ ।
- काम सम्पन्न पश्चात विल भर्पाई, स्थलगत अनुगमनको प्रतिवेदनको आधारमा भुक्तानी दिईनेछ ।
- यो कार्यक्रम कृषि शहकारीलाई विशेष प्राथमिकता दिईनेछ ।
- कृषकको हकमा स्थलगत निरिक्षण गरी सो को प्रतिवेदनको आधारमा दिईनेछ ।
- यो कार्यक्रम कृषकको हकमा दर्तावाला डेरी उद्योगलाई मात्र लागु हुनेछ ।

## खण्ड-छ

## व्यवसायिक लेयर्स फार्म अनुदान सञ्चलान विधि

**क) उदेश्य :**

- अण्डा तथा मासुमा आत्मनिर्भर कार्यक्रमलाई प्रभावकारी बनाउन ।
- ग्रामिण स्तरमा पोषण तथा आय स्तरमा बृद्धि गर्न ।
- कृषकलाई कृषि पेशामा उत्प्रेरित गर्न ।
- कृषकको जीवनस्तर उकास्न ।

**ख) कार्यक्रम सञ्चालन विधि :**

- यो कार्यक्रम व्यवसायिक फार्म दर्ता कृषकलाई खोर मर्मत सम्भार गर्नको लागि प्रदान गरिनेछ ।
- प्राविधिकको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा छनौट गरी  वितरण गरिनेछ ।
- यो कार्यक्रम प्राविधिकले स्थलगत निरिक्षण गरी बिल भर्पाईको आधारमा दिईनेछ ।
-

## खण्ड-ज

## लोकल कुखुरा प्रवर्द्धन कार्यक्रम

**क) उदेश्य :**

- स्थानीय जातको कुखुराको संरक्षण र विकास गर्न ।
- लोपोन्मुख जातिका कुखुराको संरक्षण गर्न ।
- पर्यटनको विकास र विस्तारमा टेवा पुऱ्याउन ।
- अण्डा तथा मासुमा आत्मनिर्भर कार्यक्रमलाई प्रभावकारी बनाउन ।
- ग्रामिण स्तरमा पोषण तथा आय स्तर वृद्धि गर्न ।
- कृषकलाई कृषि पेशामा उत्प्ररित बनाउन ।
- कृषकको जीवन स्तर उकास्न ।

**ख) कार्यक्रम सञ्चालन विधि :**

- यो कार्यक्रम व्यवसायिक लोकल कुखुरा कृषकलाई खोर मर्मत सम्भार गर्नको लागि प्रदान गरिनेछ ।
- प्राविधिकको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा छनौट गरी वितरण गरिनेछ ।
- यो कार्यक्रममा प्राविधिकले स्थलगत निरिक्षण गरी विल भर्पाईको आधारमा भुक्तानी दिईनेछ ।

## खण्ड-झ

## प्राकृतिक प्रकोप राहत कोष

**क) उदेश्य :**

- प्राकृतिक प्रकोपको कारण व्यवसाय पुर्ण रुपमा बन्द हुने अवस्थाबाट जोगाउन ।
- कृषकलाई हौसला प्रदान गर्न ।
- कृषकलाई पुन व्यवसायमा फर्काउन ।
- कृषकलाई व्यवसायमा उत्प्रेरित गर्न ।
- आर्थिक विकास गर्न ।

**ख) कार्यक्रम सञ्चालन कार्यविधि :**

- अनुगमन समितिको स्थलगत अनुगमन तथा प्रहरीको मुचुल्का, सर्जमिन मुचुल्काको आधारमा छनौट समितिले निर्णय गरिनेछ ।

## खण्ड-ञ

## विविध

१. यस कार्यविधिमा उल्लेखित कार्यक्रम सञ्चालनको लागि कृषक,फार्म तथा सहकारीको छनौट तथा मुल्याङ्कन गर्न निम्नानुसारको समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष : | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत : | सदस्य |
| आर्थिक विकास समिति संयोजक : | सदस्य |
| पशु शाखा प्रमुख : | सदस्य |

२. मुल्याङ्कन छनौट समितिले निम्न आधारमा रही अनुसुचि ४ बमोजिम कृषक, फार्म तथा सहकारीहरुको छनौट गर्नेछ :

- कार्ययोजना
- शैक्षिक/तालिम/व्यवस्थापन
- गोठ, आहार, खोर

३. यस कार्यविधि अनुसार सञ्चालन हुने प्रत्येक कार्यक्रमको मुल्याङ्कन पशु सेवा शाखाले गरी सोको प्रतिवेदन गाउँकार्यपालिकामा पेश गर्नेछ ।

४. कार्यविधिमा आवश्यकता अनुसार थपघट वा हेरफेर गर्दा निम्नानुसारको समितिको सिफारिसमा गाउँकार्यपालिकाले गर्नेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष : | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत : | सदस्य |
| आर्थिक विकास समिति संयोजक : | सदस्य |

पशु शाखा प्रमुख : सदस्य

५. यस कार्यविधिमा उल्लेखित आधारमा सिफारिस गर्ने भनिएकोमा थप आधार तय गर्नुपर्ने भएमा वा कुनै आधार परिवर्तन गर्नुपर्ने भएमा निम्नानुसारको आधार मुल्याङ्कन समितिले गर्नेछ :

गाउँपालिका अध्यक्ष : संयोजक
प्रमुख प्रशासकीय अधिकृत : सदस्य
आर्थिक विकास समिति संयोजक : सदस्य
पशु शाखा प्रमुख : सदस्य

## अनुसुचि २

## व्यवसायिक फार्मको सर्वेक्षण फाराम

जिल्ला :
गा.पा. :
वडा नं. :
स्थापना मिति :
दर्ता मिति :
दर्ता गर्ने निकाय :
फार्म धनी :
गोठ/खोरको अवस्था :
रेकर्ड अवस्था :
पशुका जातहरु :

| आ.व | फार्मको स्टक | | | | | | वार्षिक विक्री | वार्षिक आम्दानी | आहारा व्यवस्थापन | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | माउ | बोका | खसि | पाठा | पाठी | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसुचि ३

<u>किस्पाङ गाउँपालिकाको पशु शाखाले कृषकसंग गर्ने बोकाको शर्तनामा</u>

भरपाई दादै जिल्ला ..........गा.पा. ............वडा ..... निवासी म ......ले आफ्नो फार्म र स्थानीय कृषकहरुले पालेका बाख्राहरुमा प्रजनन् सेवा उपलब्ध गराई नश्ल सुधार/विस्तारको लागि सहयोग गर्न ............ कार्यलयबाट प्राप्त ट्याग नं. ........... को................जातको ............ पशु आज मिति ....................... का दिन निम्न शर्तमा बुझिलिई भरपाई गरिदिए ।

शर्तनामा

१. आफुले बुझिलिएको बोका प्रजनन्को लागि मात्र प्रयोग गरी सोको अभिलेख नियमित रुपमा कार्यलयलाई उपलब्ध गराउने छु ।
२. बोका विरामी भएमा कार्यलयलाई जानकारी गराई उपचार गराउने छु ।
३. आन्तरिक परिजिवी विरुद्ध उपचार गराउने छु ।
४. अचानक मरेमा कार्यलयमा ल्याई पोष्टमार्टम गराउने छु ।
५. आवश्यकता अनुसार प्रजनन् सेवाको लागि उपलब्ध गराउने छु ।
६. आन्तरिक प्रजनन्लाई नियन्त्रण गर्न सहयोगको व्यवस्था मिलाउने छु ।
७. कार्यलबाट बोका व्यवस्थापनको लागि अन्य कृषकलाई दिने निर्देशन दिएमा सो को पालना गर्ने छु ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| मिति : | मिति : |

ईति संवत ................साल .........महिना ........गते ।

अनुसचि ४

<u>कार्यक्रम सञ्चालनको लागि कृषक, संस्था, फार्म तथा सहकारीहरुको मुल्याङ्कन गर्दा अपनाईने आधारहरु :</u>

| क.सं. | दर्ता नं. | आवेदकको नाम | ठेगाना | कार्ययोजना | | | व्यवसायको सम्भाव्यता/उपयुक्तता (३०) | अनुभव/तालिम | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गोठको क्षमता र अवस्था (१५) | घाँस लगाएको क्षेत्रफल (१५) | कार्ययोजनाको विवरण (२०) | | | |
| | | | | | | | | | |

छनौट समिति (गाउँपालिका स्तरीय समिति) का पदाधिकारीहरुको :

नाम : पद : दस्तखद :

१. श्री संयोजक

२. श्री सदस्य

३. श्री सदस्य

४. श्री सदस्य

किस्पाङ गाउँपालिका

## अनुसुचि ५

## सबै प्रकारका तालिम/गोष्ठी/कार्यशाला सञ्चालन सम्बन्धि खर्चको मापदण्ड तथा भ्रमण खर्च

| क.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | तालिम सञ्चालन<br>कार्यक्रम बापत /प्रवचन बापत | १४०० | कार्यपत्र कम्तिमा १५०० शब्दको हुनु पर्नेछ । टिपोटको फोटोकपि मान्य हुने छैन । |
| २ | गोष्ठी, सेमिनार सम्मेलन, कार्यशालाको कार्यपत्रको पारिश्रमिक | ४०० | एउटा कार्यपत्रमा बढिमा २ जना |
| ३ | तालिम हल/उपकरण भाडा | प्रचलित बजार दर अनुसार | |
| ४ | खाना, खाजा | नियमानुसार | |

आज्ञाले,
गुरु प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत